"सम्पूर्ण क्षेत्रको समुचित विकास, खाँदवारी नगरपालिकाको प्रयास"

# खाँदवारी नगरपालिका

## Khandbari Municipality

## नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

खाँदवारी, संङ्खुवासभा — १ नं. प्रदेश, नेपाल ।

च.न.: ३६५

प.सं : २०७६/०७७ (कार्यपालिका सचिवालय) — मिति : २०७६/०५/०३

श्री वडा अध्यक्ष ज्यू (सवै)

श्री कार्यपालिका सदस्य ज्यू (सवै)

खाँदवारी संखुवा सभा ।

श्री वडा सचिवहरु सवै

खाँदवारी संखुवा सभा ।

विषय : कार्यपालिकाको वैठकको निर्णय प्रतिलिपि उपलव्ध गराइएको वारे ।

प्रस्तुत विषयमा यस खाँदवारी नगरपालिकाको कार्यपालिका को वैठक नं सत्तरीऔं को निर्णय प्रतिलिपि यसै साथ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ ।

सादर अवगातार्थ

श्रीमान प्रमुख ज्यू, श्रीमान उप प्रमुख ज्यू ।

वोधार्थ तथा कार्यार्थ

सबै शाखा/उप शाखा र इकाई प्रमुख ज्युहरु

खाँदवारी नगरपालिका कार्यालय : आ आफ्नो शाखा । उपशाखा/इकाई समितिसंग सम्वन्धित निर्णयहरु आवश्यक समन्वय र सहकार्य साथ यथासिघ्र सम्पादन गर्न हुन र त्यसको प्रगति समेत पेश गर्नु गराउनु हुन सुचित गर्दछु ।

श्री सुचना शाखा : उक्त निर्णय कार्यालयको धभदकष्तभ मा राखीदिन हुन ।

..................

प्रमुख प्रशासकीय अधिकृत

(कोमलप्रसाद धमला)

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फ्याक्स : ०२९-५६०१४१,२५४
वेभसाइट : www.khandbarimun.gov.npइमेल : khandbarimun@gmail.com

खाँदबारी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

खाँदबारी ,संखुवासभा १ नंनेपाल ,प्रदेश .

## कार्यपालिका बैठक उपस्थिति

**बैठक मिति:** २०७६/०५/०२ **बैठक सङ्ख्या:** ७०

**बैठक प्रारम्भ समय:** ११:०० बजे **बैठक समापन समय:**

| क्र.स | पद | पदाधिकारीको नाम | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | नगरकार्यपालिका प्रमुख तथा नगर प्रमुख | श्री मुरारीप्रसाद खतिवडा | | |
| २ | नगरकार्यपालिका सदस्य तथा नगर उप-प्रमुख | श्री डेगेश्वरी श्रेष्ठ | | |
| ३ | नगरकार्यपालिका सदस्य, वडा नं. १ | श्री निरञ्जन श्रेष्ठ | | |
| ४ | नगरकार्यपालिका सदस्य, वडा नं. २ | श्री ज्ञानवहादुर श्रेष्ठ | | |
| ५ | का.वा.नगरकार्यपालिका सदस्य, वडा नं. ३ | श्री देवराज घिमिरे | | |
| ६ | का.वा.नगरकार्यपालिका सदस्य, वडा नं. ४ | श्री जितवहादुर ~~राई~~ गुरुङ | | |
| ७ | का.वा.नगरकार्यपालिका सदस्य, वडा नं. ५ | श्री श्यामप्रसाद निरौला | | |
| ८ | नगरकार्यपालिका सदस्य, वडा नं. ६ | श्री दयानिधि वराल | | |
| ९ | नगरकार्यपालिका सदस्य, वडा नं. ७ | श्री मौसम आलेमगर | | |
| १० | नगरकार्यपालिका सदस्य, वडा नं. ८ | श्री डम्वरवहादुर कटुवाल | | |
| ११ | नगरकार्यपालिका सदस्य, वडा नं. ९ | श्री टिकाराम कुमाल | | |
| १२ | नगरकार्यपालिका सदस्य, वडा नं. १० | श्री केशवराज सिं थापा | | |
| १३ | नगरकार्यपालिका सदस्य, वडा नं. ११ | श्री नगेन्द्र गुरुङ्ग | | |
| १४ | नगरकार्यपालिका सदस्य, वडा नं.१ | श्री कुइंगाङ लामा | | |
| १५ | नगरकार्यपालिका सदस्य, वडा नं. २ | श्री वालकुमारी सोडारी | | |
| १६ | नगरकार्यपालिका सदस्य, वडा नं. ३ | श्री सुनिता कटुवाल कार्की | | |
| १७ | नगरकार्यपालिका सदस्य, वडा नं. ३ | श्री ईन्द्रमाया वराईली | | |
| १८ | नगरकार्यपालिका सदस्य, वडा नं. ५ | श्री गोपी घिमिरे | | |
| १९ | नगरकार्यपालिका सदस्य, वडा नं. ८ | श्री लक्ष्मी राई सुनुवार | | |
| २० | नगरकार्यपालिका सदस्य, वडा नं. १० | श्री पदमलाल सार्की | | |
| २१ | नगरकार्यपालिका सदस्य, वडा नं. १० | श्री चन्द्रकला तामाङ्ग | | |
| २२ | नगरकार्यपालिका सचिव | श्री कोमलप्रसाद धमाला | | |
| आमन्त्रीत (सचिवालय) | | | | |
| २३ | प्र. यो. तथा अनुगमन शाखा | श्री लवहाङ राई | | |
| २४ | ना.सु वैठक निर्णय लेखन कार्य सहयोगी | श्री गणेश श्रेष्ठ | | |
| २५ | निजि सचिव प्रमुख | श्री सन्तोष चाँपागाई | | |

खाँदबारी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

खाँदबारी ,संखुवासभा

नेपाल ,प्रदेश .

| | | | |
|---|---|---|---|
| बैठक मिति: | २०७६/०५/०२ | बैठक सङ्ख्या: | ७० |
| बैठक प्रारम्भ समय: | ११:०० बजे | बैठक समापन समय: | |

## आजको नगरकार्यपालिकाले कार्यसूचीका आधारमा निम्नानुसार निर्णय गरेकोछ ।

१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौको मिति २०७६/०२/१९ च.न.०१/०५/२१५ को प्राप्त पत्रानुसार साविक घरेलु तथा साना उद्योग विकास समिति धनकुटामा कार्यरत वरिष्ठ लेखा अधिकृत श्री गुणराज खत्री अधिकृत स्तर सातौ तह (लेखा) मा समायोजन भई यस कार्यालयमा हाजिर हुन आउनु भएकोले हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौको मिति २०७६/०४/१३ च.न.१४४ को समायोजन भएका कर्मचारीहरुलाई अनिवार्य रुपमा हाजिर गराउने सम्वन्धको प्राप्त पत्रानुसार वहालाई यस कार्यालयमा रहेको आन्तरिक लेखा परीक्षण शाखामा रहि कामकाज गर्ने गरि हाजीर गराउने साथै पछि नगरपालिकाको ओ.एण्ड एम. गरी दरवन्दी सृजना गरी पद मिलान गर्ने ।

२. देहायका व्यक्तीहरुलाई आर्थीक सहयोग गर्ने ।

क. खाँदवारी नगरपालिका वडा नं १ निवासी कविता राई मग्राती लाई वाहिर उपचार गर्न जानका लागी (राजश्व वाडफाड कार्यक्रमको खर्च शिर्षक नं २७११२ अन्य सामाजिक सुरक्षा शिर्षकवाट खर्च लेख्ने गरी) रु ५०००। पाँच हजार आर्थीक सहयोग गर्ने ।

ख. खाँदवारी नगरपालिका वडा नं १० वस्ने दलवहादुर चौहानको छोरा सागर चौहानको खा.न.पा. ३ स्थित सुमन चोक को आसपासमा झुनडीएर मृत अवस्थामा रहेको र सो लासलाई खाँदवारी अस्पताल सम्म ल्याउन र सवको अन्त्यष्ठी गर्नको लागी (राजश्व वाडफाड कार्यक्रमको खर्च शिर्षक नं २७११२ अन्य सामाजिक सुरक्षा शिर्षकवाट खर्च लेख्ने गरि) रु १०,०००। (दशहजार मात्र) उपलव्ध गराउने ।

३. हालसालै आएको विनासकारी वर्षादको कारण देहायका सडक वाटोहरुको थयासिघ्र प्राविधिक लगत इष्टिमेट गरि सोहि लगत इष्टिमेटका आधारमा आगामी कार्यपालिकाको वैठक वाट वजेट विनियोजन गरि कार्यान्वयन गर्ने ।

क. खाँदवारी नगरपालिका वडा नं ११ स्थित नागेश्वरी -लप्से खोला र वडा नं १० र ११ को सिमानामा पर्ने वगुवा खोला सडक मर्मत

ख. खाँदवारी नगरपालिका वडा नं ०३ स्थित भुमकुमारी कार्कीको घर खेत पहिरो रोकथाम कार्य

ग. खाँदवारी नगरपालिका वडा नं ०२ चेवावेशी देखि चन्दनपुर जोड्ने फड्के पुल निर्माण

घ. खाँदवारी नगरपालिका वडा नं ८ को वडा कार्यालयको मिति २०७६/०४/०९ गते गरेको सिफारिस अनुसार दलवहादुर दर्जी लगायत जम्मा ११ जनाको भल वाढी रोकथाम ।

ङ. खाँदवारी नगरपालिका वडा नं ३ स्थित डेडराज न्यौपानेको कि.न. ३३९ र २४३० निर्माण भएको घर तथा खेतवारी रोकथाम कार्य ।

च. खाँदवारी नगरपालिका वडा नं ३ स्थित तुलवहादुर पुलामीको कि.न. १३६३ खेत पाँगोले पुरेकोले पन्छ्याउने कार्य ।

छ. खाँदवारी नगरपालिका वडा नं ५ स्थित लेलुवामा ठोट्ने र छागे खाला मुहान देखि आउने कुलो मर्मतका लागी पोलिथिन पाईप व्यवस्थापन कार्य ।

खाँदबारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
खाँदबारी ,संखुवासभा

१ नंनेपाल ,प्रदेश .

| | | | |
|---|---|---|---|
| बैठक मिति: | २०७६/०५/०२ | बैठक सङ्ख्या: | ७० |
| बैठक प्रारम्भ समय: | ११:०० बजे | बैठक समापन समय: | |

ज. खाँदवारी नगरपालिका वडा नं ६ स्थित मनवहादुर तामाङ्ग को घर खेत वगाई क्षति भएको, यदुकुमार केप्छाकी सहितको कल्छे कुलो मर्मत र रुपा मगरको खेत पाँगोले पुरी क्षति भएको ।

झ. खाँदवारी नगरपालिका वडा नं ६ स्थित अन्जु राईको निजि घर नजिक पहिरोले वगाई ल्याएको वासको झयाङ्ग हटाउने कार्य ।

ञ. खाँदवारी नगरपालिका वडा नं ३ स्थित लिलावहादुर वुढाथोकी घर छेउ पेटीमा रहेको पहिरो फाल्ने कार्य ।

ट. खाँदवारी नगरपालिका वडा नं ३ स्थित खाँदवारी कल्छे हुदै पांठा धुपु जाने शाखा वाटो मर्मत कार्य ।

ठ. खाँदवारी नगरपालिका वडा नं ३ स्थित भुमकुमारी कार्कीको खेतमा आउने कुलो मर्मत कार्य ।

ड. खाँदवारी नगरपालिका वडा नं १ स्थित टुडीखेल वसपार्क वाट आउने ढल ड्रेन पानीले ह्युमपाईप ब्लक भई वाटो कटान कार्य भएकोले सो हटाउने कार्य ।

ढ. खाँदवारी नगरपालिका वडा नं १ स्थित नयाँ वस्तीमा रहेको नरमाया महतेको ट्वाइले तथा वाथरुप पहिरोले क्षति पर्‍याएको हुँदा सो पहिरो हटाउने कार्य ।

ण. खाँदवारी नगरपालिका वडा नं १ स्थित खोरण्डे राजकुलो मर्मत

त. खाँदवारी नगरपालिका वडा नं १ स्थित देवकोटा टोलमा रहेको डम्वरवहादुर विस्वकर्मा,रामवहादुर विश्वकर्मा र रिदर भोटेको घर क्षति भएको हुँदा सो को यथार्थ क्षतिको विवरण ।

४. खाँदवारी नगरपालिका वडा नं १ स्थित भानुचोकमा रहेको आयमुलक भवन (१ नं वडा कार्यालय) को ग्राउण्ड फ्लोरमा रहेको सटर व्यापारिक प्रयोजनका लागि भाडामा लगाउन आवश्यक भएकोले वार्षीक रुपमा कम्तिमा रु एक लाखमा नघट्ने गरि सर्वसाधारणका लागी १५ दिने सूचना स्थानिय पत्रपत्रिकामा प्रकाशन गर्ने ।

५.खाँदवारी नगरपालिका वडा नं ९ स्थित सभा खोलामा वगेर मृत अवस्थामा फेला परेको वेवारिसे लास लाई व्यवस्थापन गर्न (राजश्व वाडफाड कार्यक्रमको खर्च शिर्षक नं २७११२ अन्य सामाजिक सुरक्षा शिर्षकवाट खर्च लेख्ने गरी) रु १००००। दश हजार मात्र आर्थीक सहयोग गर्ने । यसैगरि सोहि वडाको नुने ढुंगामा मरेको लासलाई व्यवस्थापन गर्न ( राजश्व वाडफाड कार्यक्रमको खर्च शिर्षक नं २७११२ अन्य सामाजिक सुरक्षा शिर्षकवाट खर्च लेख्ने गरी) रु १००००। दश हजार मात्र वडा अध्यक्ष मार्फत उपलव्ध गराउने ।

आजको वैठक अन्त गरियो ।